# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२२९ बारा, २०८३ असोज २५ गते आईतबार / प्रतिपदा / नेपाल संवत् ११४६ / Sunday, October 11 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## हातेमालो साकोस सिमराको साधारणसभा



मनोज शाह

जीतपुर, २४ असोज/बाराको सिमरास्थित हातेमालो बचत तथा ऋण सहकारी संस्थाको १९औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भएको छ ।

सिमरास्थित थानीमाई वन उपभोक्ता समूहको सभाहलमा आयोजित साधारणसभाको उद्घाटन ९५ वर्षीय जेष्ठ नागरिक देवीदत्त लम्सालले गर्नुभएको थियो ।

कार्यक्रममा मधेश प्रदेशसभा सदस्य देवनारायण चौधरीका साथै विभिन्न क्षेत्रमा प्रतिनिधित्व गर्ने संस्थाका सदस्यहरू र हातेमालोमा आवद्ध व्यक्तिहरूलाई अतिथिका रूपमा आमन्त्रण गरिएको थियो । कार्यक्रममा शंकरकुमार आचार्य, दिनेश राई, दामोदर पौडेल, हेमनारायण चौधरीलगायत उपस्थित थिए ।

साधारणसभामा संस्थागत प्रतिवेदन प्रस्तुत गर्दै सहकारीका अध्यक्ष रामचन्द्र पौडेलले सहकारीलाई अझ सबल, पारदर्शी र उत्तरदायी बनाउन चालु आर्थिक वर्षका लागि विभिन्न कार्ययोजना प्रस्तुत गर्नुभएको थियो । कार्ययोजनामा उत्पादनशील क्षेत्रमा

बाँकी तेश्रो पेजमा

## बारा-३ को नेपाली कांग्रेसको क्षेत्रीय सभापतिमा कलावती पासवान सर्वसम्मत चयन

कलैया, २४ असोज/नेपाली कांग्रेस देउवा समूहको बारा प्रतिनिधिसभा क्षेत्र नम्बर( ३ को क्षेत्रीय सभापतिमा कलावती पासवान सर्वसम्मत चयन हुनुभएको छ ।

सो समूहको १५ औं अधिवेशनको क्रममा कलैया उपमहानगरपालिका( १ स्थित रामजानकी मन्दिरको प्राङ्गणमा शनिबार आयोजित अधिवेशनले भौतिक योजना पूर्वसहायक मन्त्री समेत रहनुभएकी पासवानलाई सर्वसम्मत रूपमा क्षेत्रीय सभापतिमा चयन गरेको हो ।

अधिवेशनको उद्घटन सत्रलाई सम्बोधन गर्दै पूर्वकेन्द्रीय सदस्य तथा पूर्वसांसद राधेचन्द्र यादव, नेपाली कांग्रेस बाराका सभापति राजेश राय यादव, बारा जिल्ला कार्यसमितिका पूर्वसभापति जयचन्द चौरसिया लगायतका नेताहरूले जिल्लाका विभिन्न पालिका र वडा समितिमा हालै नवनिर्वाचित सभापति तथा पदाधिकारीलाई शुभकामना दिएका थिए ।

अधिवेशनका प्रमुख अतिथि



पूर्वकेन्द्रीय सदस्य राधेचन्द्र यादवले पार्टीलाई बलियो बनाउन नेता तथा कार्यकर्ताबीच एकता आवश्यक रहेको बताउनुभयो। उहाँले आगामी निर्वाचनमा लोभ र प्रलोभनमा नपरी उम्मेदवारको विचार, क्षमता र कामको मूल्यांकन गरेर मतदान गर्न आग्रह गर्नुभयो । पार्टीभित्र एकता देखिए पनि व्यवहारमा सबैले पार्टीका उम्मेदवारलाई मत नदिने प्रवृत्तिप्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो

आगामी दिनमा पालिकाका अध्यक्ष/मेयर, वडा अध्यक्ष तथा अन्य जनप्रतिनिधिका उम्मेदवार छनोट गर्दा उनीहरूको विचार, क्षमता र जनताप्रतिको जिम्मेवारीलाई ध्यान दिनुपर्नेमा उहाँले जोड दिनुभएको थियो

सोही अधिवेशकै क्रममा सो पार्टीले प्रदेशसभा क्षेत्र नम्बर ३ (क) का सभापति सुरेशप्रसाद साह, क्षेत्र नम्बर ३ (ख) का सभापति हरिप्रवेश यादवलाई पनि सर्वसम्मत चयन गरिएको जनाइएको छ ।

यसैबीच कलैया उपमहानगरपालिकाको नगर सभापतिमा दिपेन्द्र कुशवाहा पनि सर्वसम्मत चयन हुनुभएको छ । पार्टी कार्यालय कलैयामा सम्पन्न नगर अधिवेशनबाट उनलाई नगर सभापतिमा चयन गरिएको हो ।

उक्त कार्यक्रममा कलैया उपमहानगरपालिकाका पूर्वउपप्रमुख रहिमा खातुन, नेपाली कांग्रेसका नेता सुनिल गुप्ता, नेपाल तरुण दल बाराका अध्यक्ष दिपेन्द्र पटेल, जिल्ला विकास समिति बाराका पूर्वसभापति

बाँकी तेश्रो पेजमा

## जीतपुरसिमरामा चाडपर्वमा सजावट र पूजा सामग्री खरिदको जिम्मा वडा कार्यालयलाई

सिमरा, २४ असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले विजया दशमी, दीपावली तथा छठ पर्वलाई लक्षित गरी गरिने सजावट, पूजाआजा र आवश्यक सामग्री खरिदको जिम्मेवारी वडा कार्यालयलाई दिएको छ ।

उपमहानगरपालिकाले २४ वटै वडा कार्यालयका वडा सचिवलाई पत्र पठाउँदै चाडपर्व लक्षित कार्यक्रम सञ्चालन तथा आवश्यक सामग्री खरिदको खर्च व्यवस्थापन र प्रक्रिया सम्बन्धित वडा कार्यालयबाटै अघि बढाउन अख्तियारी दिएको हो ।

यसअघि बत्ती जडान, दुर्गा मन्दिरमा पूजा तथा छठ पूजाका लागि आवश्यक सामग्री खरिदलगायतका काम उपमहानगरपालिका कार्यालयबाट हुँदै आएका थिए । यस वर्षदेखि भने यस्ता कामको खर्च तथा खरिद प्रक्रिया सम्बन्धित वडा कार्यालयबाटै सञ्चालन हुने भएको छ ।

खरिद तथा खर्च प्रक्रियालाई व्यवस्थित र पारदर्शी बनाउन उपमहानगरपालिकाले वडा कार्यालयहरूका लागि कार्यसम्पादनसम्बन्धी चेकलिस्टसमेत जारी गरेको छ । उपसचिव उमेश वाग्लेले जारी गरेको पत्रअनुसार वडा कार्यालयले खरिद तथा कामको प्रकृतिअनुसार तोकिएको प्रक्रिया पूरा गर्नुपर्नेछ ।

चेकलिस्टअनुसार एक लाख रुपैयाँसम्मको काम सोझै खरिद गरी बिलका आधारमा भुक्तानी गर्न सकिनेछ



। त्यस्तै, एक लाख रुपैयाँभन्दा बढी र १५ लाख रुपैयाँसम्मको कामका लागि आवश्यकताको टिप्पणी उठाएर कम्तीमा तीनवटा फर्म वा कम्पनीसँग दररेट माग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्राप्त दररेट कार्यालयमा दर्ता गरी स्वीकृत गरेपछि सबैभन्दा कम दररेट प्रस्ताव गर्ने फर्म वा कम्पनीलाई सम्झौताका लागि पत्राचार गर्नुपर्नेछ । त्यसपछि सम्बन्धित फर्म वा कम्पनीको निवेदनका आधारमा औपचारिक सम्झौता गरी कार्यादेश दिनुपर्नेछ ।

काम सम्पन्न भएपछि सम्बन्धित फर्म वा कम्पनीले पेस गरेको बिलको प्राविधिक मूल्याङ्कन गराएर त्यसका आधारमा भुक्तानी गर्नुपर्ने चेकलिस्टमा उल्लेख छ ।

चाडपर्वका बेला वडा तहमा हुने बत्ती जडान, सजावट, पूजाआजा तथा आवश्यक सामग्री खरिदका कामलाई स्थानीय स्तरमै सहज बनाउन अख्तियारी विकेन्द्रीकरण गरिएको उपमहानगरपालिकाले जनाएको छ । यस व्यवस्थाले चाडपर्व लक्षित कामको व्यवस्थापनलाई सहज बनाउनुका साथै खर्च तथा खरिद प्रक्रियालाई थप व्यवस्थित र पारदर्शी बनाउने अपेक्षा गरिएको छ ।

## जीतपुरसिमराकोबेहरीमाकरेन्टलागेरमहिलाकोमृत्यु

सिमरा, २४ असोज/बाराको जीतपुरसिमरा उपमहानगरपालिका-१४ बेहरीमा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जीतपुरसिमरा उपमहानगरपालिका- १४ बेहरी निवासी रामचन्द्र महतोकी श्रीमती अन्दाजी ४५ वर्षीया सिरिया देवी महतो रहेकी छन् ।

प्रहरीका अनुसार सिरिया देवी आफ्नै घरको पछाडिपट्टि सरसफाइ गर्ने क्रममा अचानक नाङ्गो विद्युतीय तारको सम्पर्कमा आउँदा आज दिउँसो करिब १:५० बजे करेन्ट लागेर गम्भीर घाइते भएकी थिइन् । गम्भीर घाइते भएकी उनलाई श्रीमान् रामचन्द्र महतोले उपचारका लागि सिमरास्थित सिटी स्टार अस्पताल पुऱ्याउनुभएको थियो ।

बाँकी तेश्रो पेजमा

## वीरगञ्जमा आइतबार दोस्रो चुनरी यात्रा निकालिँदै

वीरगञ्ज २४ असोज/ नवरात्र तथा बडादसैँको अवसरमा वीरगञ्जस्थित गहवामाई मन्दिरलाई केन्द्रमा राखेर भोलि आइतबार दोस्रो चुनरी यात्रा निकालिने भएको छ ।

विश्व हिन्दु परिषद् नेपालको आयोजनामा बडादसैंको पहिलो दिन घटस्थापनाका अवसरमा आयोजना हुन लागेको यात्राको तयारी तीव्र पारिएको आयोजकले जनाएको छ ।

आयोजकका अनुसार आइतबार दिउँसो २ बजे वीरगञ्जको माईस्थान मन्दिर परिसरबाट विभिन्न बाजागाजासहित चुनरी यात्रा सुरु हुनेछ । शक्तिस्वरूपा देवीका आकर्षक झाँकी प्रदर्शन गर्दै निकालिने यात्रामा करिब १० हजार स्थानीय महिला तथा भक्तजन सहभागी हुने अपेक्षा गरिएको छ ।

धार्मिक आस्था, परम्परा र सांस्कृतिक पहिचानको प्रवर्द्धन गर्ने



उद्देश्यले आयोजना गर्न लागिएको यात्रामा विभिन्न सामाजिक सङ्घसंस्था तथा स्थानीय भक्तजनको सहभागिता रहने जनाइएको छ। नवरात्रको पहिलो दिन निकालिने यस यात्राले वीरगञ्जको धार्मिक तथा सांस्कृतिक वातावरणलाई थप उत्साहपूर्ण बनाउने आयोजकको विश्वास छ ।

यात्रालाई व्यवस्थित, मर्यादित र सुरक्षित रूपमा सम्पन्न गर्न विश्व हिन्दु परिषद्का स्वयंसेवक, स्थानीय प्रशासन तथा विभिन्न संघसंस्थासँग समन्वय गरी आवश्यक व्यवस्थापन मिलाइएको आयोजकले जनाएको छ ।

## वीरगञ्जमा मिनी ट्रकको ठक्करबाट साइकलयात्रीको मृत्यु

काठमाडौं,२४ असोज/ वीरगञ्जमा मिनी ट्रकको ठक्करबाट एक जना साइकलयात्रीको मृत्यु भएको छ ।

पर्साको वीरगञ्ज महानगरपालिका- १०, बजरंग टोलस्थित भित्री सडक खण्डमा मिनी ट्रकको ठक्करबाट भारतको बिहार राज्य, मोतिहारी जिल्ला, हरैया वडा नं. १, भलुवाहा टोलका ४५ वर्षीय खेखन पण्डितको मृत्यु भएको हो ।

आदर्शनगरबाट सिर्सिया पुलतर्फ जाँदै गरेको मधेश प्रदेश ०३-००१ क ३५३७ नम्बरको मिनी ट्रकले सोही दिशातर्फ साइकलमा गइरहेका पण्डितलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा घाइते भएका पण्डितलाई उपचारका लागि नारायणी अस्पताल, पर्सा लगिएको थियो । उपचारका क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन् ।

घटनापछि मिनी ट्रक चालक बारा जिल्लाको परवानीपुर गाउँपालिका- ४,

बाँकी तेश्रो पेजमा

राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# गगनको 'गगनचुम्बी' मत

नेपाली काँग्रेसको १५औं महाधिवेशनले गगनकुमार थापालाई ९४ प्रतिशतभन्दा बढी मतका साथ सभापतिमा निर्वाचित त गर्‍यो, तर यो जित जति उत्साहजनक देखिन्छ, तर यसको भित्री राजनीतिक धरातल त्यति नै जटिल र चुनौतीपूर्ण छ ।

राजनीतिमा सदाबहार 'सेलिब्रिटी' जस्तै सुनिएका थापाले आफ्ना गुरु तथा कमजोर प्रतिस्पर्धी श्यामकृष्ण खड्गीलाई पराजित गर्नु कुनै ठूलो राजनीतिक चमत्कार होइन । वास्तविक परीक्षा त अब सुरु भएको छ( के गगन थापाले कांग्रेसभित्र दशकौंदेखि जकडिएको संस्थागत बेथिति र गुटबन्दीको अन्त्य गर्न सक्लान् ?

पार्टी व्यवस्थापनको नाममा थपिएको २९७ सदस्यीय जम्बो केन्द्रीय कार्यसमिति आफैंमा एउटा ठूलो बोझ हो, जसलाई गतिशील बनाउन थापाको संगठनात्मक क्षमताको कडा परीक्षा हुनेछ । हिजो सडक र सदनबाट अरूलाई प्रश्न गरेर हाइहाइ कमाएका 'बोल्ने गगन' का सामु अब आफैं उत्तरदायी बनेर परिणाम दिनुपर्ने बाध्यता छ । पार्टीको १४औं महाधिवेशनपछि र विशेष महाधिवेशनका उतारचढावहरूका बीच सिर्जना भएका आन्तरिक भित्री गुटहरू र असन्तुष्ट समूहहरू अझै पनि शान्त भइसकेका छैनन् ।

नयाँ उदीयमान राजनीतिक शक्तिहरूको तीव्र दबाब र निर्वाचनपूर्व गठबन्धन नगर्ने आफ्नै नीतिलाई अक्षुण्ण राख्दै आगामी निर्वाचनमा कांग्रेसलाई एकल बहुमत दिलाउनु फलामको चिउरा चपाउनु सरह हुनेछ ।

त्यसैले, गगनको यो उदयलाई केवल एउटा चुनावी उत्सवका रूपमा मात्र हेर्नु भूल हुनेछ; थापाले परम्परागत राजनीतिको चक्रव्यूह तोड्न सकेनन् भने यो ऐतिहासिक अवसर कांग्रेसकै लागि अर्को एउटा ठूलो निराशामा परिणत हुन बेर लाग्ने छैन ।

# जादुमय प्राकृतिक गन्तव्य



समुद्री सतहबाट करिब तीन हजार दुई सय मिटर उचाइमा दोलखा जिल्लाको रमणीय काखमा अवस्थित कुरी बजार कालिञ्चोक भगवती मन्दिरको सामीप्य र प्रकृतिले सिर्जना गरेको एउटा अनुपम उपहार हो । त्यहाँ पुग्नेबित्तिकै हरियाली वन, मनोरम पहाडी भूदृश्य, हिमालका सेताम्मे शृङ्खला र शान्त वातावरणले घेरिएको अनुभूति हुन्छ र जोकोहीलाई स्वर्गीय अनुभूति दिलाउँछ। प्रत्येक बिहान सुनौलो घामसँगै हिमालका चुचुरा चम्किन्छन् । साँझको सूर्यास्तले भने आकाशलाई रातो, सुनौलो र गुलाबी रङले सजाएर अविस्मरणीय दृश्य प्रस्तुत गर्छ ।

यद्यपि कुरी बजारको आकर्षण केवल प्राकृतिक सौन्दर्यमा सीमित छैन । राजधानी काठमाडौँबाट करिब १५० किलोमिटर टाढा र दोलखाको सदरमुकाम चरीकोटबाट करिब १८ किलोमिटर दुर्गम पहाडी बाटो पार गरेर पुगिने स्थानमा यस्तो व्यवस्थित बजार कसरी निर्माण भयो ? एक समय गोठ, चरनक्षेत्र र केही छरिएका घर मात्र रहेको यो ठाउँ आज हिमाली क्षेत्रमा विकासको एउटा उल्लेखनीय उदाहरण बनेको छ । यो परिवर्तन कुनै संयोग होइन; स्थानीय समुदायको मेहनत, निजी क्षेत्रको लगानी, धार्मिक पर्यटनको विस्तार र पूर्वाधार विकासको संयुक्त परिणाम हो

कालिञ्चोकको प्रवेशद्वारका रूपमा कुरी बजारलाई चिनिन्छ । प्रसिद्ध कालिञ्चोक भगवती मन्दिरतर्फ जाने यात्रामा यो स्थान धार्मिक आस्था, प्राकृतिक सौन्दर्य र साहसिक यात्राको अद्भुत सङ्गमका कारण विशेष महत्व राख्छ । प्रत्येक वर्ष हजारौँ आन्तरिक तथा बाह्य पर्यटक तथा तीर्थयात्री यहाँ पुग्ने गर्छन् र यही बढ्दो आगमनले स्थानीय अर्थतन्त्रलाई नयाँ दिशा दिएको छ। सुरुमा सामान्य चिया पसल र केही साना लजबाट सुरु भएको पर्यटन व्यवसाय आज होटेल, रिसोर्ट, क्याफे, रेस्टुरेन्ट र अन्य सेवा सुविधाले सम्पन्न पर्यटन बजारमा रूपान्तरण भएको छ ।

कुरी बजारको परिवर्तनमा कालिञ्चोक केबुलकारको भूमिका अब लुकाउन सकिन्न । पहिले कालिञ्चोक भगवती मन्दिर पुग्न एक/डेढ घण्टा उकालो लाग्नु पर्थ्यो । त्यो पनि राम्रोसँग हिँड्न सक्नेका लागि मात्रै सम्भव थियो तर केबुलकार चल्न थालेपछि यात्रु केही मिनेटमै पुग्न सक्छन्, त्यसमा पनि खास गरी बुढापाका, बच्चा वा लामो उकालो चढ्न गाह्रो हुनेका लागि यात्रा एकदमै सजिलो भएको छ । माथिबाट वरपरका हिमाल, बाक्लो जङ्गल र हिउँले सेताम्मे डाँडा अवलोकन गर्न सकिन्छ । हिँडेर जान चाहना हुने श्रद्धालु भक्तजनका लागि मन्दिरसम्म ढुङ्गे सिँढीसहितको राम्रो पैदल बाटोसमेत बनिसकेको छ, जुन हिँड्नकै लागि छुट्टै रमाइलो छ ।

पूर्वाधार विकाससँगै कुरी बजारमा निजी लगानी एकाएक बढेको छ । त्यहाँ धेरै होटेल र रिसोर्ट खुलेका छन् । यहाँका स्थानीयले होमस्टे र लजसमेत चलाएका छन् । अहिले यस स्थानमा आधुनिक कोठा, तातोपानी, स्वादिलो खाना, कफी हाउस, क्याम्प फायर, सम्मेलनका लागि हल जस्ता भेटिन्छन् । यी विशेषता नै कुरी बजारको नयाँ चिनारी जस्तो भएका छन् । यस्ता सेवा सुविधाले पर्यटकलाई सजिलो भएको छ, स्थानीयका लागि रोजगारी र आफ्नै काम गर्ने मौका पनि बढेको छ ।

कुरीमा हिमाली डाँडा भएकैले परम्परागत खेती सजिलो छैन । त्यसैले स्थानीय समुदायले केही न केही नयाँ विकल्प खोजिरहेका छन् । चौँरीपालन गरी त्यही दुधको चिज बनाउने र बजारमा बेच्ने काम भइरहेकै छ । कुरीभन्दा तलका समथर भूभागमा टनेल खेतीको कुरा उठे पनि अहिलेसम्म पानीको उचित व्यवस्थापनका पहल र लगानी छैन । स्थानीय उत्पादनलाई पर्यटनसँग जोड्ने सम्भावना भने अझै ठूलो देखिन्छ । रातो च्याउ जस्ता उच्च पहाडी उत्पादनलाई व्यावसायिक रूपमा अघि बढाउन सके रोजगारी र आम्दानी बढ्ने स्थानीयको विचार छ । यसरी कुरीमा आउने पाहुनालाई गाउँमै उत्पादित वस्तु उपलब्ध गराउन सकिन्छ, बाहिरबाट ठूलो परिमाणमा सामान ल्याउनुपर्ने निर्भरता पनि कम हुन जान्छ ।

कुरी बजारको विस्तारले आसपासका समुदायको रोजगारीमा पनि प्रभाव पारेको छ । नजिकका वडा नं. ५, ६ र ७ का स्थानीय बासिन्दा बजारको आर्थिक गतिविधिसँग जोडिएका छन् । कतिपयले होटेलमा रोजगारी पाएका छन् भने कतिपयले भक्तजनका लागि फूल, पानी तथा अन्य सामग्री बिक्री गरेर आम्दानी गरिरहेका छन् । विगतमा रोजगारीका लागि दार्जिलिङसम्म पुगेर भारी बोकी जीविकोपार्जन गर्नुपर्ने अवस्थाबाट अहिले आफ्नै क्षेत्रमा कामको अवसर सिर्जना भएको छ, जसले पर्यटन बजारको विस्तारले स्थानीय जीवनमा ल्याएको परिवर्तनलाई देखाउँछ । होटेल व्यवसायले रोजगारी सिर्जनामा ठूलो योगदान पुर्‍याएको छ । बजारमा लगभग ६५ वटा होटेल छन् र हरेक होटेलले औसत तीन जनालाई रोजगारी दिँदा करिब १८० देखि दुई सय जना व्यक्तिले प्रत्यक्ष रूपमा रोजगारी पाएका छन् ।

### पुराना चौँरीगोठ बने होटेल

कुरी बजारको विकासमा अर्को ठूलो समस्या हो जग्गाको व्यवस्थापन । केही जग्गामा स्वामित्व र उपयोगका विषयमा गुठी, वन र मन्दिर पक्षका दाबी छन् । सुरुवाती समयमा कुरी क्षेत्रमा करिब २७ वटा गोठ र चौँरीगोठ रहेको ठाउँमा अहिले होटेल र अन्य भवन निर्माण भएका छन् तर केही वर्षदेखि जग्गाको स्वामित्व र घर बनाउने विषयमा स्थानीय तह, वन कार्यालय तथा कालिञ्चोक मन्दिर व्यवस्थापनबिचमा स्वामित्वको सम्बन्धमा विवाद छ । यस्तो अवस्थाले भविष्यको दीर्घकालीन योजनाबद्ध विकासमा पनि समस्या ल्याउन सक्छ । बढ्दो पर्यटनसँगै कुरी बजारले केही थप चुनौती पनि सामना गरिरहेको छ । फोहोर व्यवस्थापन यहाँको प्रमुख चुनौतीका रूपमा देखिन्छ । पर्यटकको आगमनसँगै बढ्ने फोहोरलाई व्यवस्थित गर्न स्थानीय तहको सक्रिय भूमिका आवश्यक छ । कतिपय घर तथा संरचनाको सुरक्षाका विषयमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ । यससँगै स्थानीय व्यवसायलाई व्यवस्थित रूपमा करको दायरामा ल्याउने तथा आवश्यक स्थानीय पूर्वाधार निर्माण गर्ने विषय पनि उत्तिकै महत्वपूर्ण छ ।

स्थानीय उत्पादन र बजारबिचको सम्बन्ध बलियो बनाउन सडक पूर्वाधारको भूमिका पनि महत्वपूर्ण हुन्छ । स्थानीय बाटोको निर्माण तथा स्तरोन्नति गर्न सकिएमा वरपरका बासिन्दाले आफूले उत्पादन गरेका आलु तरकारी तथा अन्य कृषि उपज, सहज रूपमा बजारसम्म ल्याएर बिक्री गर्न सक्ने छन् । अहिले भने बजारमा आवश्यक खाद्यान्न तथा तरकारीको ठूलो हिस्सा चरीकोट तथा तराईका क्षेत्रबाट ल्याउनुपर्ने अवस्था छ । स्थानीय उत्पादनले बजार पाउन सके त्यसको प्रत्यक्ष लाभ स्थानीय किसान र व्यवसायीले लिन सक्छन् ।

### फेरिएको कुरी बजार

केही वर्षअघिसम्म कालिञ्चोकको काखमा फैलिएको यो ठाउँमा हराभरा चरन र भत्किएका गोठका भग्नावशेषबाहेक केही थिएन । आज त्यही ठाउँ बादलको आँचलमा टल्किने रङ्गीन छाना भएका होटेल, ढुङ्गे पैदलबाटो र केबुलकार टावरले भरिएको छ । एउटै डाँडा, एउटै भूगोल तर बिचमा बितेका केही वर्षले ल्याएको यो भिन्नता नै कुरी बजारको विकास गाथाको सबैभन्दा जीवन्त प्रमाण हो । कुरी बजारको अर्को आकर्षण यसको व्यवस्थित संरचना हो । घर तथा होटेल प्राकृतिक वातावरणसँग मेल खाने गरी निर्माण गरिएका छन् । ढुङ्गा, काठ र आधुनिक निर्माण सामग्रीको सन्तुलित प्रयोगले बजारलाई मौलिक हिमाली पहिचान दिएको छ । हिउँले ढाकिएका छाना, सडक, पार्किङ क्षेत्र र होटेलको स्वरूपले कुरीलाई आकर्षक हिमाली बजारका रूपमा स्थापित गरेको छ । धेरै पर्यटकले यहाँको दृश्यलाई युरोपका हिमाली गाउँसँग तुलना गर्ने गर्छन् । जाडोयाममा कुरी बजारको रूप अझ जादुमय बन्छ । बाक्लो हिउँले ढाकिएका डाँडा, सेतो चाँदी जस्तै चम्किने भूदृश्य, चिसो हावाको स्पर्श र हिमपातका रमाइला क्षणले यहाँ आउने प्रत्येक आगन्तुकलाई मोहित बनाउँछन् । यही कारण कुरी बजार हिउँ खेल्ने, फोटोग्राफी गर्ने तथा अन्य साहसिक गतिविधिका लागि पनि लोकप्रिय गन्तव्य बनेको छ । वसन्तमा गुराँसले पहाड रङ्ग्याउँछ भने शरद ऋतुमा सफा आकाश र हिमालको स्पष्ट दृश्यले पर्यटकको मन लोभ्याउँछ ।

### कुरी बजारको सौन्दर्य

कुरी बजारबाट गौरीशङ्कर, लाङटाङ, जुगल हिमाललगायतका हिमशृङ्खलाको मनोरम दृश्य अवलोकन गर्न सकिन्छ । सफा मौसममा टाढासम्म फैलिएका हिमालनजिकै उभिए झैँ देखिन्छन् । विशेष गरी सूर्योदयको समयमा हिमालमा पर्ने पहिलो घामको किरणले सुनौलो रङमा चम्किने दृश्य शब्दमा वर्णन गर्न कठिन हुन्छ । यही दृश्य हेर्न धेरै पर्यटक बिहानै उठेर दृश्यावलोकन स्थलमा पुग्ने गर्छन् । प्राकृतिक सौन्दर्यसँगै कुरी बजार स्थानीय संस्कृति र आतिथ्यका लागि पनि उत्तिकै महत्वपूर्ण छ ।

यहाँका स्थानीय समुदायले आगन्तुकलाई आत्मीय स्वागत गर्छन् । स्थानीय होमस्टेमा बस्दा गाउँको जीवनशैली नजिकबाट बुझ्न पाइन्छ । दालभात, ढिँडो, स्थानीय आलु, छुर्पी, घिउ, सिस्नु, गुन्द्रुक, सेलरोटी तथा अन्य परम्परागत परिकारले यात्रालाई अझ स्वादिलो बनाइदिन्छ । साँझ क्याम्प फायर वरिपरि बसेर स्थानीय गीत/सङ्गीत र हिमाली जीवनका कथा सुन्ने अनुभव कुरी भ्रमणको अर्को विशेष आकर्षण हो । कुरी बजार पुग्ने यात्रा पनि उत्तिकै रमणीय छ । काठमाडौँबाट अरनिको राजमार्ग हुँदै चरीकोटसम्म पुगेर त्यसपछि घुमाउरा पहाडी सडक, हरियाली वन, खेत, झरना र ग्रामीण बस्ती पार गर्दै कुरी पुगिन्छ । यात्राभरि देखिने प्राकृतिक दृश्यले गन्तव्यमा पुग्नुअघि नै यात्रुलाई उत्साहित बनाइदिन्छ ।

### विकासको दृष्टान्त

कुरी बजारको सबैभन्दा ठूलो सफलता यसको भौतिक संरचनाभन्दा पनि ग्रामीण विकासको नमुना महत्वपूर्ण छ । नेपालका धेरै पहाडी र हिमाली गाउँमा प्राकृतिक सम्पदा, धार्मिक महत्व र सांस्कृतिक विविधता भए पनि उचित योजना, लगानी र व्यवस्थापनको अभावमा ती ठाउँ ओझेलमा परेका छन् । कुरी बजारले भने स्थानीय समुदाय, निजी क्षेत्र, पर्यटन र पूर्वाधारबिचको सम्बन्धले दुर्गम गाउँलाई पनि आर्थिक गतिविधिको केन्द्र बनाउन सकिने सम्भावना देखाएको छ ।

### ग्रामीण अर्थतन्त्रमा ऊर्जा

आज कुरी बजारले एउटा महत्वपूर्ण सन्देश दिएको छ- विकास सहरबाट गाउँमा मात्र पुग्ने प्रक्रिया होइन, गाउँ आफैँ पनि विकासको केन्द्र बन्न सक्छ । यदि कुरी बजार जस्तै पूर्वाधार विकास, पर्यटन प्रवर्धन, स्थानीय उत्पादनको बजारीकरण, गुणस्तरीय होटेल तथा होमस्टे निर्माण, सरसफाइ, वातावरण संरक्षण र स्थानीय समुदायको सक्रिय सहभागितामा जोड दिने हो भने नेपालका अनेकौँ गाउँ पनि आत्मनिर्भर र समृद्ध बन्न सक्छन् ।

हिमाल, पहाड र तराईका विभिन्न ग्रामीण क्षेत्रमा पनि कुरी बजारको अनुभवबाट सिक्दै योजनाबद्ध रूपमा नमुना पर्यटन गाउँ विकास गर्न सकियो भने त्यसले ग्रामीण अर्थतन्त्रमा नयाँ ऊर्जा ल्याउन सक्छ । स्थानीय युवाले आफ्नै गाउँमा रोजगारी पाउने छन्, विदेश पलायन घटाउन सहयोग पुग्न सक्छ, कृषि तथा स्थानीय उत्पादनले बजार पाउने छन् र पर्यटनबाट प्राप्त आम्दानीको ठूलो हिस्सा स्थानीय अर्थतन्त्रमा रहन सक्छ । यसरी विकासको लाभ स्थानीय समुदायसम्म पुर्‍याउन सकिन्छ ।

कुरी बजार आज केवल कालिञ्चोक जाने विश्रामस्थल मात्र होइन, दिगो पर्यटन, स्थानीय उद्यमशीलता र ग्रामीण विकासको सम्भावना देखाउने एउटा महत्वपूर्ण गन्तव्य बनेको छ । यहाँको प्राकृतिक सौन्दर्य, धार्मिक महत्व, आधुनिक पूर्वाधार, होटेल तथा रिसोर्ट, केबुलकार, स्थानीय संस्कृति र समुदायको सक्रियताले एउटा दुर्गम बस्तीलाई आकर्षक पर्यटन केन्द्रमा रूपान्तरण गरेको छ । सायद यही कारण कुरी बजारको यात्रा केवल हिमाल हेर्ने यात्रा मात्र होइन, विकासको सम्भावना हेर्ने यात्रा पनि हो । कुरीले हामीलाई सिकाउँछ- सही सोच, दूरदृष्टि, स्थानीय सहभागिता र दिगो लगानी भए नेपालको कुनै पनि दुर्गम गाउँले आफ्नो विशेषता र सम्भावनाका आधारमा नयाँ आर्थिक पहिचान बनाउन सक्छ । त्यसैले कुरी बजार केवल जादुमय प्राकृतिक गन्तव्य होइन, नेपालको ग्रामीण विकास र स्थानीय उद्यमशीलताको सम्भावना बुझ्ने एउटा प्रेरणादायी उदाहरण पनि हो । यदि एउटा धार्मिक पर्यटकीय स्थललाई यसरी व्यवस्थित गर्न सकिएमा अहिलेको नेपालको प्रमुख आवश्यकता ग्रामीण उद्यमशीलता, रोजगारी सिर्जना र ग्रामीण बसाइँसराइको नियन्त्रण गर्दै ग्रामीण समुदायलाई आयआर्जनसँग जोड्न सक्नु हो ।

अन्त्यमा कुरी बजारले गर्नुपर्ने केही महत्वपूर्ण कार्य भनेको कालिञ्चोक जाने पर्यटकलाई दोलखालगायतका क्षेत्रमा बस्नुभन्दा कुरी बजारमै बास बसी अर्को दिन बिहानै कालिञ्चोक मन्दिर दर्शनका लागि जाने माहोल निर्माण गर्ने । स्थानीय उत्पादनका लागि तुलनात्मक लाभका आधारमा आलु, तरकारी, जौ, उवा, दुग्धजन्य परिकारका साथै साना घरेलु उद्योगसमेत स्थापना गर्दै सबै स्थानीयलाई रोजगारी सिर्जना गर्नका लागि स्थानीय सरकारको विशेष पहलमा सरोकारवालाको हातेमालो गर्ने र विद्यमान जग्गाको समस्या पनि समयमै समाधान हुने गरी कार्य गर्न सकेमा दीर्घकालीन रूपमै कुरी बजारको नेपालको उत्कृष्ट नमुना बजार बन्न सक्छ र नेपालका धेरै ठाउँले कुरी बजारबाट सिक्न सक्छ ।

**साभार: गोरखापत्र**



# नागरिकको विश्वास जित्ने गरी कांग्रेस बदल्छौँ : गगन थापा

काठमाण्डौं,२४ असोज/नेपाली कांग्रेसको १५औँ महाधिवेशनबाट सभापतिमा निर्वाचित भएपछि बोल्दै गगन थापाले नागरिकको विश्वास जित्ने गरी पार्टीलाई रूपान्तरण गर्ने बताउनुभएको छ ।

सभापतिमा निर्वाचित भएपछि शनिबार कांग्रेस केन्द्रीय कार्यालय सानेपामा उपस्थित कार्यकर्ता तथा समर्थकलाई सम्बोधन गर्दै थापाले आफूले प्राप्त गरेको जिम्मेवारीलाई अधिकार नभई जवाफदेहिताका रूपमा लिएको बताउनुभयो । 'तपाईंहरूले विश्वास गरेर पार्टीको जिम्मेवारी सुम्पिनुभएको छ । यो जिम्मेवारीप्रति कृतज्ञता व्यक्त गर्न आएको हुँ । यो परिवर्तनका लागि गरिएको विश्वास हो । यो विश्वासलाई अधिकार सम्झन्नँ, जिम्मेवारी सम्झन्छौँ,' उहाँले भन्नुभयो ।

विशेष महाधिवेशनपछि भएको १५औँ महाधिवेशनबाट नयाँ नेतृत्व चयन हुँदैमा मात्रै पार्टी परिवर्तन नहुने उहाँको भनाइ थियो । अब पार्टीको काम गर्ने शैली बदल्नुपर्ने र जिम्मेवारी तथा जवाफदेहिता बढाउनुपर्ने उहाँले बताउनुभयो ।

'महाधिवेशनमा प्रतिस्पर्धा भयो । कोही जित्छौँ, कोही हार्छौं । यो कसैले विजय प्राप्त गर्ने र कसैले हार्ने विषय होइन । अब हामी सबै साथी मिलेर नागरिकको विश्वास जित्न जाने हो,' थापाले भन्नुभयो ।

सभापतिमा प्रतिस्पर्धा गरेका श्यामकृष्ण खड्गीलाई धन्यवाद दिँदै उहाँले लोकतान्त्रिक अभ्यासले पार्टीलाई जीवन्त बनाउने बताउनुभयो । खड्गीसहित प्रतिस्पर्धामा रहेका सबैलाई सँगै लिएर अघि बढ्ने उहाँको भनाइ थियो ।

थापाले अहिले नागरिक र कांग्रेसबीचको विश्वास टुटेको उल्लेख गर्दै त्यसलाई पुन:स्थापित गर्न सबै नेता तथा कार्यकर्ता एक ठाउँमा उभिनुपर्ने बताउनुभयो । किसान, उद्योगी, व्यवसायीदेखि वैदेशिक रोजगारीमा रहेका नेपालीसम्मले भरोसा गर्ने पार्टी बनाउने उहाँको प्रतिबद्धता थियो ।

'नेपाली कांग्रेसलाई माया गर्ने लाखौं शुभेच्छुकलाई फेरि कांग्रेसमा फर्कन र घरघरमा कांग्रेसलाई स्वागत गर्ने वातावरण बनाउनुपर्छ । नयाँ इतिहास बनाउने तागत लिएर आएका छौँ,' थापाले भन्नुभयो, 'बोलेर हुँदैन, काम गर्ने शैलीमा परिवर्तन गर्नुपर्छ ।'

महाधिवेशनबाट पारित प्रतिवेदनहरू अध्ययन गर्न एक साताको समय दिइएको जानकारी दिँदै थापाले सबैको सुझाव प्राप्त भएपछि पहिलो केन्द्रीय कार्यसमिति बैठकबाट कार्ययोजना बनाइने बताउनुभयो ।

कांग्रेसले गलत व्यक्तिको पक्षमा नबोल्ने र कसैको अनुचित भार नबोक्ने पनि उनले स्पष्ट पारे। कानुन सबैका लागि समान हुने उल्लेख गर्दै उहाँले कुनै व्यक्तिले गल्ती गरे त्यसको जवाफदेहिता सम्बन्धित व्यक्तिले नै लिनुपर्ने बताउनुभयो । 'कांग्रेस गलत मान्छेको पक्षमा बोल्दैन, उभिँदैन । कसैको पनि भारी कांग्रेसले बोक्दैन,' उहाँले भन्नुभयो ।

कांग्रेसलाई विगतमा व्यक्तिगत फाइदा लिनेहरूको स्वार्थभन्दा माथि उठाएर सामाजिक लोकतन्त्रको मान्यताअनुसार अघि बढाउनुपर्नेमा पनि उहाँले जोड दिनुभयो । १५औँ महाधिवेशनबाट प्राप्त जिम्मेवारीलाई व्यवहारमा उतार्दै पार्टीप्रति नागरिकको विश्वास फर्काउने र कामबाट परिवर्तन प्रमाणित गर्ने आफ्नो लक्ष्य रहेको उहाँको भनाइ थियो ।

# राष्ट्रिय परिचयपत्र नभए पनि बैंकिङ सेवा नरोक्न सर्वोच्च अदालतको आदेश

काठमाण्डौ २४ असोज/सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र नभएका व्यक्तिलाई नागरिकता प्रमाणपत्रलगायतका अन्य परिचय खुल्ने कागजातका आधारमा बैंकिङ सेवा प्रवाह गर्न सरकार र सम्बन्धित निकायका नाममा परमादेश जारी गरेको छ ।

सर्वोच्च अदालतका न्यायाधीश सपना प्रधान मल्ल र मेघराज पोखरेलको संयुक्त इजलासले हिजो राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने व्यवस्थाका कारण बैंकिङ सेवाबाट वञ्चित नागरिकलाई वैकल्पिक व्यवस्था गर्न आदेश दिएको हो । अदालतले दुई चरणको प्रमाणीकरण गरी बैंकिङ सेवा प्रवाह गर्न भनेको छ ।

आदेशमा राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बर प्राप्त नभएसम्म अन्य परिचय खुल्ने कागजातका आधारमा बैंकिङ सेवा उपलब्ध गराउन भनिएको छ । अधिवक्ता सरिता अधिकारीले दायर गर्नुभएको रिटमा सुनुवाइ भएको हो । रिटमा बैंक तथा वित्तीय संस्थाले ग्राहक पहिचान (केवाईसी) विवरण अद्यावधिक गर्दा वा मोबाइल नम्बर परिवर्तन गर्दा राष्ट्रिय परिचयपत्र वा त्यसको नम्बर अनिवार्य रूपमा पेस गर्नुपर्ने व्यवस्थाले सर्वसाधारणलाई समस्या पारेको उल्लेख गरिएको थियो । सर्वोच्च अदालतले राष्ट्रिय परिचयपत्र वा राष्ट्रिय परिचय नम्बरलाई नागरिक पहिचानको एकमात्र आधार बनाउने व्यवस्था तत्कालका लागि बाध्यकारी नहुने ठहर गरेको छ। राष्ट्र बैंकले यस अघि असोज मसान्तसम्म पुराना खाता बाहकले पनि राष्ट्रिय परिचयपत्र अद्यावधिक गराइसक्न भनेको थियो ।

## वीरगञ्जमा मिनीट्रकको...

चैनपुर निवासी ३६ वर्षीय टुना देवानलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

घटनास्थलमा स्थानीयले कुटपिट गर्दा चालक देवानको टाउकोमा चोट लागेको र उनको अवस्था सामान्य रहेको जनाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

## जीतपुरसिमराको....

अस्पतालका चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय सिमराबाट प्रहरी निरीक्षक विनोदराज खत्रीको कमाण्डमा प्रहरी टोली घटनास्थलमा खटिएको थियो ।

# पत्रकार र सिमरा भेट्रानबीचको मैत्रीपूर्ण फूटबल खेल बराबरीमा सकियो

सिमरा, २४ असोज/ जीतपुरसिमरा महिला फुटबल प्रतियोगिताको फाइनल खेलको पूर्वसन्ध्यामा आयोजक सिमरा भेट्रान क्लब र पत्रकार टोलीबीच खेलिएको मैत्रीपूर्ण फुटबल खेल २-२ को बराबरीमा टुङ्गिएको छ ।

सिमरा रंगशालामा शुक्रबार राति सम्पन्न खेलको पहिलो हाफमा आयोजक सिमरा भेट्रान क्लबले २-० को अग्रता बनाएको थियो । आयोजकका तर्फबाट जय किशोर सहनी -ज्याकी) र सुलभ चौधरीले १-१ गोल गर्दै टोलीलाई २-० को अग्रता दिलाएका थिए ।

तर दोस्रो हाफमा उत्कृष्ट पुनरागमन गर्दै पत्रकार टोलीले लगातार दुई गोल गर्दै खेललाई २-२ को बराबरीको अवस्थामा पुर्‍यायो । पत्रकार टोलीका कप्तान दिवाकर भण्डारी र केदार ढकालले १-१ गोल गर्दै खेल बराबरीमा ल्याएका थिए ।

मैत्रीपूर्ण प्रतिस्पर्धामा पत्रकार टोलीका तर्फबाट दिवाकर भण्डारी, केदार ढकाल, जीतलाल श्रेष्ठ, बिनोद परियार, अनिल तिवारी, बेद भट्ट, एसएस पटेल, अखिलेश यादव, अफताफ आलम, उमेश घलान, बिकाश गुरुङ, पवन सिंह, उमेश थपलिया, पुष्कर चालिसे, शिरोमणी रिजाल, रुपेन्द्रलाल चन्द र राजेश महतो मैदानमा उत्रिएका थिए ।

यसैगरी आयोजक सिमरा भेट्रानका तर्फबाट कप्तान रमेश प्याकुरेल, जय किशोर सहनी, सुलभ चौधरी, हरि चौधरी, इश्वर थपलिया, राजकपुर राउत, शिव सुनारी मगर, सुरज थापा मगर, जंगबहादुर थारु, मेघराज अधिकारी, वसन्त राई, धनलाल श्रेष्ठ, राजकुमार चौधरी र सुजन थापाले खेलेका थिए ।

# जीतपुरसिमरा नगर स्तरीय ब्याडमिन्टन प्रतियोगिता सुरु

सिमरा, २४ असोज/ जीतपुरसिमरा नगर स्तरीय ब्याडमिन्टन प्रतियोगिता शनिबार सुरु भएको छ। पथलैयास्थित सशस्त्र प्रहरी बल नेपाल प्राविधिक तालिम शिक्षालयको कभर्ड हलमा प्रतियोगिता सुरु भएको हो ।

प्रतियोगिताको उद्घाटन जीतपुरसिमरा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत डमरुप्रसाद निरौलाले गर्नुभएको थियो । प्रतियोगिता शुभारम्भ गर्दै निरौलाले शारीरिक र मानसिकरुपमा स्वस्थ रहनका लागि खेलकुद अपरिहार्य रहेको बताउनुभयो

उद्घाटन कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल प्राविधिक तालिम शिक्षालयका समादेशक वरिष्ठ सशस्त्र प्रहरी उपरीक्षक नानीराम हुमागाईं, पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद चापागाईं, सशस्त्र प्रहरी नायब उपरीक्षक भुलबहादुर थापा, जिल्ला निर्वाचन कार्यालय लमजुङका प्रमुख यादवराज आचार्यलगायत उपस्थित रहेका थिए ।

प्रतियोगितामा २४ जना खेलाडी सहभागी छन् । समूह 'ए' डमरुप्रसाद निरौला, कृष्णप्रसाद चापागाईं, यादवराज आचार्य, चित्रप्रसाद आचार्य, विनोद खरेल, दीपेन्द्र बुढाथोकी, शिवनाथ यादव, अर्जुन थापा, ताराप्रसाद बोहोरा, प्रेमबहादुर बर्तौला, बिक्रम केसी र गंगा चौधरी छन् ।

यसैगरी समूह 'बी' मा दीपक मानन्धर, युवराज राउत, मनिष धौजु, भविराम राई, नवराज श्रेष्ठ, पासाङ लामा, देवेन्द्रप्रसाद मैनाली, रुपेश न्यौपाने, बिराज थापा, दिनेश बस्नेत, शालिकराम श्रेष्ठ र दुतबहादुर तामाङ रहेका छन् ।

## बारा-३ को नेपाली ...

राजेन्द्रप्रसाद यादव, विभिन्न वडा तथा पालिकाका सभापति, नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन जयनारायण यादवले गर्नुभएको थियो ।

## हातेमालोसाकोस...

लगानी बढाउने, निष्कृय सदस्यता अन्त्य गर्ने, डिजिटल बैंकिङ र साइबर सुरक्षालाई सुदृढ बनाउने रणनीति समेटिएको छ ।

अध्यक्ष पौडेलले सूचना नदिई विगत पाँच वर्षदेखि कुनै कारोबार नगर्ने र साधारणसभामा समेत सहभागी नहुने सदस्यहरूलाई सहकारी ऐन २०७४ को दफा ३४ (१) (ख) बमोजिम सदस्यता अन्त्य गरी हिसाब फरफारक गर्न लागिएको जानकारी दिनुभयो । उहाँले कोर बैंकिङ्ग सफ्टवेयर, क्युआर भुक्तानी तथा मोबाइल बैंकिङ्ग प्रणालीको विस्तार गर्दै नियमित साइबर सुरक्षा परीक्षणको तयारी संस्थाले गरेको बताउनुभयो ।

२०६४ साल जेठ २० गते स्थापना भई हाल एउटा मुख्य कार्यालय र दुई वटा सेवा केन्द्रमार्फत सेवा प्रदान गर्दै आएको हातेमालोमा चार हजार दुई सय शेयर सदस्य र सात सय ३५ जना बालसदस्य आवद्ध छन् ।

संस्थाका अध्यक्ष पौडेलको अध्यक्षतामा सम्पन्न साधारणसभामा कोषाध्यक्ष पेशल मुल्मीले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण सचिव चुडामणी गौतम (राजु) ले गर्नुभएको थियो ।

## लोकदोहोरीगीत...

१०० वटा समितिबाट करिब एक हजार ५०० प्रतिनिधि सहभागी भएका छन् । महाधिवेशनमा नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाइएको थियो ।

## चाडपर्वमानेपाल...

अनलिमिटेड प्याकेज खरिद गर्ने ग्राहकले प्रतिदिन तोकिएको ५ जीबी डेटा खपत भएपछि बाँकी समयावधि २ एमबीपीएसको गतिमा प्रयोग गर्न सक्नेछन् ।

त्यस्तै फेस्टिभल अनलिमिटेड प्रिमियम प्याकेजमा प्रतिदिन १० जीबी डेटा खपत भएपछि बाँकी समय ३ एमबीपीएसको गतिमा अनलिमिटेड डेटा प्रयोग गर्न पाइनेछ ।

यसका साथै २५० रुपैयाँमा १ हजार मिनेट अन(नेट भ्वाइस सुविधासहितको 'जोयफुल मिनेट्स' र ९९ रुपैयाँमा १ हजार अन(नेट एसएमएस सुविधाको 'फेस्टिभ म्यासेज प्याकेज' पनि उपलब्ध हुनेछ। यी सबै प्याकेजहरूको समयावधि ३० दिन तोकिएको छ ।

आगामी २०८३ असोज ३० देखि कात्तिक ३० गतेसम्म मोबाइलमार्फत प्याकेज खरिद गरी यो सुविधा लिन सकिनेछ। ग्राहकले आफ्नो मोबाइलबाट ८१४१५८११३ डायल गरेर वा 'नेपाल टेलिकम एप' प्रयोग गरेर यी प्याकेजहरू खरिद गर्न सक्नेछन् ।

चाडपर्वका समयमा आफन्तहरूसँग सहज सम्पर्कमा रहन र डिजिटल सेवाको प्रयोग बढाउन यस्ता अफरले सहयोग पुर्‍याउने टेलिकमका प्रवक्ता डा. कमल लामिछानेले बताएका छन् ।





# एमाले जीतपुरसिमरा-८ को अध्यक्षमा रामेश्वर महतो चयन




मनोज शाह

जीतपुर,२४ असोज/नेकपा (एमाले) जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. ८ कमिटीको तेस्रो अधिवेशनले रामेश्वर महतोको अध्यक्षतामा २१ सदस्यीय नयाँ कमिटी गठन गरेको छ।

एमाले केन्द्रीय सल्लाहकार सदस्य सरस्वती चौधरीको प्रमुख आतिथ्यता तथा मधेस प्रदेश कमिटीका सचिव मनोज पौडेलको विशेष उपस्थितिमा अधिवेशन सम्पन्न भएको हो।

अधिवेशनमा बोल्दै केन्द्रीय सल्लाहकार सदस्य चौधरीले एमाले जनताको बीचमा रहेर काम गर्ने पार्टी भएको उल्लेख गर्दै पार्टीका नेता तथा कार्यकर्तालाई एकजुट भएर अघि बढ्न आग्रह गर्नुभयो।

त्यस्तै, मधेस प्रदेश कमिटीका सचिव पौडेलले आगामी निर्वाचनलाई लक्षित गर्दै पार्टीका नेता, कार्यकर्ता तथा शुभेच्छुकहरूबीच एकता आवश्यक रहेको बताउनुभयो। सबै एकजुट भएर परिचालित नभए निर्वाचनमा अपेक्षित परिणाम हासिल गर्न कठिन हुने उहाँको भनाइ थियो।

कार्यक्रममा जीतपुरसिमरा उपमहानगर कमिटीका अध्यक्ष त्रिलोक साह ठकुरी र वडा नं. ८ का वडा अध्यक्ष शिवशंकर कुशवाहालगायतको उपस्थिति रहेको थियो।

पुण्यदेव रायभरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन छोटेलाल चौधरीले गर्नुभएको थियो।

# पर्सामा कर्तव्य ज्यान मुद्दामा दुई जनालाई पुर्पक्षका लागि जेल पठाउने आदेश



वीरगञ्ज, २४ असोज/सालीको मृत्यु प्रकरणसँग जोडिएको कर्तव्य ज्यान तथा जबर्जस्ती करणीसम्बन्धी मुद्दामा जालिम मियाँका दुई छोरालाई पुर्पक्षका लागि कारागारमा राख्न जिल्ला अदालत पर्साले आदेश दिएको छ।

शुक्रबार जिल्ला न्यायाधीश ठाकुरप्रसाद खरेलको इजलास नम्बर ८ ले दुवै दाजुभाइलाई मुद्दाको अन्तिम फैसला नभएसम्म थुनामा राखेर पुर्पक्ष गर्ने आदेश दिएको हो।

उक्त प्रकरणमा संलग्न रहेको आरोप लागेका अन्य दुई जना भने अझै फरार रहेका छन्। फरार आरोपितहरूको खोजी भइरहेको र घटनासम्बन्धी अनुसन्धान प्रक्रिया अघि बढिरहेको जनाइएको छ।

अदालतको आदेशसँगै जालिम मियाँका दुई छोरा पुर्पक्षका लागि कारागार चलान भएका छन् भने घटनामा आरोपित अन्य दुई जना अझै फरार छन्। मुद्दाको अन्तिम फैसला हुन बाँकी रहेकाले आरोपितहरूको कसुर अदालतबाट पुष्टि हुन बाँकी छ

# सर्लाहीमा भ्यानको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

सर्लाही २४ असोज/सर्लाहीको हरिपुर नगरपालिका( ८ जगतपुरमा भ्यानको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ।

मृत्यु हुनेमा मलंगवा नगरपालिका( ७ गणेशियाका ३० वर्षीय अरविन्द साह छन्।

शनिबार बिहान करिब ८:१५ बजे नवलपुर(मलंगवा सडकखण्डमा नवलपुरबाट मलंगवातर्फ आउँदै गरेको ना.१ ज ६३०८ नम्बरको भ्यानले विपरीत दिशाबाट जाँदै गरेको मधेश प्रदेश ०२(०१० प २२२१ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो।

ठक्करबाट गम्भीर घाइते भएका साहलाई उपचारका लागि प्रादेशिक अस्पताल मलंगवा पुऱ्याइएको थियो। उपचारकै क्रममा चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए।

दुर्घटनापछि सम्पर्कविहीन भएका भ्यान चालक ३३ वर्षीय नजामुदिन बैठा प्रहरीको सम्पर्कमा आएको प्रहरीले जनाएको छ।

प्रहरीले दुवै सवारीसाधन नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान गरिरहेको छ।

# रौतहटको चार स्थानमा यात्रु सहायता कक्ष तथा रिफ्रेस सेन्टरको स्थापना

रौतहट, २४ असोज/विजयादशमी, दीपावली तथा छठ पर्वलाई लक्षित गर्दै रौतहटमा यात्रु सहायता कक्ष र रिफ्रेस सेन्टर स्थापना गरिएको छ।

चाडपर्वका बेला यात्रुलाई सुरक्षित यात्रा गर्न सहज होस् भन्ने उद्देश्यले जिल्ला प्रहरी कार्यालय गौर र जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको संयुक्त आयोजनामा यस्तो व्यवस्था गरिएको हो।

कार्यालयका अनुसार जिल्लाका चार स्थानमा यात्रु सहायता कक्ष स्थापना गरिएको छ। चन्द्रपुर नगरपालिका( ४ स्थित चन्द्रनिगाहपुर चोक, गरुडा नगरपालिका( ४ स्थित गरुडा बजार, बौधीमाई नगरपालिका( ७ स्थित बंकुल चोक र गौर नगरपालिका( ८ स्थित गौर बसपार्कमा सहायता कक्ष सञ्चालनमा ल्याइएको छ।

सहायता कक्षमार्फत चाडपर्वका समयमा आवतजावत गर्ने यात्रुलाई आवश्यक सहजीकरण, सुरक्षित यात्रासम्बन्धी जानकारी तथा ट्राफिक व्यवस्थापनमा सहयोग गरिने जनाइएको छ।

त्यसैगरी, जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रनिगाहपुरको अगाडि यात्रुका लागि शुद्ध खानेपानी र शौचालयको सुविधासहित रिफ्रेस सेन्टर स्थापना गरिएको छ। लामो दूरीको यात्रा गर्ने यात्रुले केही समय विश्राम गर्न तथा आधारभूत सुविधा उपयोग गर्न सक्ने गरी उक्त व्यवस्था गरिएको हो।



चाडपर्वको समयमा सवारीसाधनमा यात्रुको चाप बढ्ने भएकाले यात्रुलाई सुरक्षित, सहज र व्यवस्थित यात्रा गराउने उद्देश्यले सहायता कक्ष तथा रिफ्रेस सेन्टर स्थापना गरिएको ट्राफिक प्रहरी निरीक्षक राजेन्द्र थापा मगरले बताउनुभयो।

# चाडपर्वमा नेपाल टेलिकमको विशेष छुट

काठमाडौँ २४ असोज/नेपाल टेलिकमले नेपालीहरूको महान् चाड दसैँ, तिहार तथा छठलगायतका विभिन्न पर्वहरूको अवसरमा ग्राहकहरूका लागि 'दसैं तिहार अफर २०८३' उपलब्ध गराउने भएको छ।

यस अफरअन्तर्गत एफटीटीएच प्याकेज जडानमा छुटका साथै जीएसएम प्रिपेड र पोस्टपेड मोबाइलमा सहुलियत दरका भ्वाइस तथा डेटा प्याकेज लगायतका सुविधा उपलब्ध हुनेछन्।

कम्पनीका अनुसार असोज २५ देखि कात्तिक ३० गतेसम्म नयाँ एफटीटीएच प्याकेज जडान गर्ने ग्राहकहरूलाई ५०० रुपैयाँको जडान शुल्क मिनाहा गरिनेछ। त्यसैगरी १००, १५० र २०० एमबीपीएसको नयाँ वार्षिक प्याकेज लिने ग्राहकहरूलाई १ महिना थप गरी १३ महिनाको प्याकेज उपलब्ध गराइनेछ।

यसमा बोनसका रूपमा उपलब्ध हुने मोबाइल डेटा समेत १३ महिनासम्म नै प्रयोग गर्न पाइनेछ। भर्चुअल सेट( टप बक्ससहितको प्याकेज लिने ग्राहकहरूका लागि १ हजार रुपैयाँ छुट पहिलेदेखि नै उपलब्ध छ।

यसैगरी जीएसएम मोबाइल सेवाका ग्राहकहरूका लागि ४९९ रुपैयाँमा ५ जीबी फेस्टिभल अनलिमिटेड र ६९९ रुपैयाँमा १० जीबी फेस्टिभल अनलिमिटेड प्रिमियम डेटा प्याकेज उपलब्ध गराइएको छ। फेस्टिभल

बाँकी तेश्रो पेजमा

# लोकदोहोरी गीत प्रतिष्ठानको अध्यक्षमा पशुपति शर्मा निर्विरोध निर्वाचित

महोत्तरी, २४ असोज/राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालको अध्यक्षमा पशुपति शर्मा निर्विरोध निर्वाचित हुनुभएको छ। प्रतिष्ठानको नवौँ राष्ट्रिय महाधिवेशनअन्तर्गत अध्यक्ष पदमा शर्माको मात्रै उम्मेदवारी परेपछि उहाँ निर्विरोध निर्वाचित हुनुभएको हो।

यसअघि प्रतिष्ठानको वरिष्ठ उपाध्यक्ष रहनुभएका शर्मा अध्यक्षमा निर्वाचित हुनुभएको हो। लामो समयदेखि नेपाली लोकसङ्गीतमा सक्रिय शर्माले यस क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउनुभएको छ। मौलिक लोकभाका, व्यङ्ग्यात्मक प्रस्तुति र जनजीवनसँग जोडिएका गीतमार्फत उहाँ दर्शक तथा श्रोतामाझ लोकप्रिय हुनुहुन्छ।

यसैगरी, महासचिवमा शिव हमाल पनि निर्विरोध निर्वाचित हुनुभएको छ। वरिष्ठ उपाध्यक्षमा दीपक खड्का र प्रथम उपाध्यक्षमा सुवास केसी निर्विरोध निर्वाचित हुनुभएको छ। द्वितीय उपाध्यक्ष (साङ्गठनिक) पदका उम्मेदवार र कोषाध्यक्षमा निर्वाचित जुना शिरिषको नाम भने समाचारमा स्पष्ट खुलाइएको छैन। निर्वाचन समितिका संयोजक अधिवक्ता राधाकृष्ण पाठकले निर्विरोध निर्वाचित पदाधिकारीबारे जानकारी दिनुभएको हो।

प्रतिष्ठानको केन्द्रीय समितिमा ३८ पदाधिकारी र ३७ सदस्य गरी ७५ सदस्य रहने व्यवस्था छ। महाधिवेशनअन्तर्गत बर्दिबासका समाजसेवी तथा उद्योगी कृष्णप्रसाद गौतम सचिव पदमा सर्वसम्मत हुनुभएको छ। गौतम रोटरी क्लब अफ बर्दिबासका अध्यक्षसमेत रहिसक्नुभएको छ। उहाँ विभिन्न सामाजिक सङ्घसंस्थामा नेतृत्वदायी भूमिकामा सक्रिय रहँदै आउनुभएको छ।

प्रतिष्ठानको नवौँ राष्ट्रिय महाधिवेशनको उद्घाटन रामआशीष यादवले गर्नुभएको थियो। उद्घाटनसत्र सम्पन्न भएपछि निर्वाचन प्रक्रिया सुरु भएको थियो।

महाधिवेशनमा सातै प्रदेश, ७० जिल्ला तथा विदेशस्थित शाखासहित

बाँकी तेश्रो पेजमा

# त्रिभुवन राजपथमा गाडी चलाउन आलोपालोसहित समय तालिका



काठमाण्डौ २४ असोज/मुग्लिन(काठमाण्डौ सडकखण्ड पहिरोका कारण अवरुद्ध भएपछि जिल्ला प्रशासन कार्यालय मकवानपुरले त्रिभुवन राजपथमा गाडीको आवागमन व्यवस्थित गर्न नयाँ समयतालिका निर्धारण गरेको छ।

प्रशासकीय अधिकृत सन्तोष सुवेदीले मुग्लिन(काठमाण्डौ सडक अवरुद्ध भएपछि वैकल्पिक मार्गमा बढ्न सक्ने गाडीको चापलाई ध्यानमा राख्दै त्रिभुवन राजपथमा आलोपालो प्रणाली लागू गरिएको जानकारी दिनुभयो।

उहाँका अनुसार हेटौँडाबाट काठमाण्डौतर्फ छुट्ने गाडी यसअघि गएराति २ बजेदेखि बिहान ५ बजेसम्म छुटेकोमा अब आज दिउँसो ३ बजेदेखि बेलुका ६ बजेसम्म सञ्चालन गर्न दिइनेछ। त्यस्तै भोलि बिहान ४ बजेदेखि १० बजेसम्म सञ्चालन गर्न पाइनेछ।

त्यस्तै, काठमाण्डौबाट हेटौँडातर्फ आज बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म र आजराति १० बजेदेखि भोलि बिहान १ बजेसम्म समय निर्धारण गरिएको छ। त्यस्तै भोलि दिउँसो २ बजेदेखि बेलुका ७ बजेसम्म पनि काठमाण्डौबाट हेटौँडातर्फ गाडी सञ्चालन गर्न पाइने प्रशासकीय अधिकृत सुवेदीले जानकारी दिनुभयो।

उहाँका अनुसार त्रिभुवन राजपथमा ११ मिटर लम्बाइसम्मका यात्रुवाहक गाडीलाई मात्र सञ्चालन अनुमति छ। त्यस्तै, १० चक्काभन्दा बढी भएका तथा १५ टनभन्दा बढी भार बोकेका मालवाहक गाडीलाई त्रिभुवन राजपथ सडकखण्ड प्रयोग गर्न पूर्ण रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालयले यात्रु तथा चालकलाई निर्धारित समयतालिका पालना गरी यात्रा गर्न आग्रह गरेको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीका अनुसार कान्ति लोकपथमा दिउँसो दोहोरो गाडी सञ्चालन भइरहेको छ भने सिस्नेरी हुँदै काठमाण्डौ भित्रने मार्गमा साना गाडीका लागि आलोपालो समयतालिका लागू गरिएको छैन।

प्रकाशक के.एस.मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमलकुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३